

# स्थानीय सरकारले कृषिमा ध्यान दिनुपर्ने किन ?

## कृषि बिग्रिएकोमा चासो

बिगत दुई दशकदेखि नेपालको कृषि निरन्तर बिग्रदो छ । कृषि कर्म एकाएक महिला र बृद्ध बृद्धाहरुको काँधमा आइपुगेको छ । युवाहरु रोजगारीका लागि सहर पस्ने तथा विदेशिने क्रम बढेको छ । स्थानीयस्तरमा पुरुष कामदारको अभावमा महिलाहरुले मात्र सबै खेतीयोग्य जमिनको व्यवस्थापन गर्न नसक्दा स्थानीय उत्पादनमा कमि र खाद्यान्न आयात तथा खाद्य असुरक्षामा बृद्धि गराएको छ ।

ग्रामिण भेगमा बिगत दुई दशकदेखि निरन्तर युवा किसान विदेशिने बाध्यकारी दुश्चक्र चलिरहेको छ । वैदेशिक भुक्तानीले आम मानिसहरु नगदमूखी, उपभोगमूखी र सहरमूखी बन्दै गएका छन् भने जिवन पद्धतिको रुपमा रहेको नेपाली कृषि र त्यसमा आश्रित नागरिकहरुको जनजीवन बजारको नियन्त्रणमा पुगेको छ ।

प्राकृतिक खनिज श्रोतमा आधारित, मानव केन्द्रित आधुनिक विकाशले निम्त्याउदै गरेको पर्यावरणीय विनास उत्सर्गमा पुगेको छ । अहिले विकसित भनिएका युरोप र अमेरिकी देशहरुले अपनाउँदै आएको व्यापारिक र नाफामुखी कृषि प्रणाली गलत भएको महशुस गर्दै दिगो र आत्मनिर्भरमुखी कृषि पद्दतीमा फर्कन थालेका छन् । आज मुटु रोग, मिर्गौलाको समस्या, रक्तचाप र क्यान्सर महामारीको रुपमा फैलिदैछ । यी सबै हुनुमा खानेकुरा नै मुख्य समस्याको रुपमा देखिएको छ । मानव जीवनको आधार, खाना अहिले मानव स्वास्थ्यको धेरै जटिलता र जोखिमको केन्द्र बनेकोछ । विश्वका आधा भन्दा बढी मानिसले खाईरहेको खानेकुराले उनीहरुको स्वास्थ्य बिगारिरहेको छ । मोटोपन साथै कुपोषणले २ अरब ३० करोड मानिस प्रभावित छन् । ६० करोड मानिस भोकभोकै छन् भने एकतिहाई खानेकुरा खेरा गईरहेको छ । ७० प्रतिशत भोका मानिस किसान र तिनका परि वार हुन् । नेपालको अवस्था यो तथ्याङ्कले देखाउने चित्रभन्दा भिन्न छैन ।

नयाँ संविधानमा खाद्य सम्प्रभुता, अधिकार र सुरक्षाको कुरालाई मौलिक हकको रुपमा राखिएको छ, यो आफै मा सकरात्मक पक्ष हो । तर यी अधिकारको प्रत्याभूति तथा व्यवहारिक रुपमा सम्बोधन गर्न स्थानीय तह मै कृषि तथा खाद्य प्रवर्द्धनको दुरदृष्टि बिना सम्भव  छैन तर यो कुरा कतैपनि गंभिरतापूर्वक बिचार विमर्श गरि एको देखिदैन । हामी बिगत ७ दशक देखि भूमी सुधार, कृषि भूमी उपयोग र स्वामित्वमा अल्झिरहेका छौं । यो सवाललाई सम्बोधन गर्ने दृढ अठोट भन्दा ओठे शव्दजालमा रमाईरहेका छौ । कृषि र भूमि व्यवस्थापनलाई कर्मचारीतन्त्रको भरमा मात्र छोडेर कृषिको विकास स्थानीय निकायको प्राथामिकता भित्र पार्न प्रयास नै गरेनौं । गल्ती यही निर भएको छ र यो बारम्बार दोहोरिएको छ । कृषिमा आधारित देशको कृषि भूमी उपयोगको योजना नहनु आफैमा लाजमर्दो विषय हो ।

कृषियोग्य भूमिको गैरकृषि प्रयोग अहिलेको पेचिलो समस्या बनेको छ । यही योजना नभएकै कारण कृषियोग्य जग्गामा घरहरु उम्रिरहेका छन् । जथाभावी उद्योग खोलिएका छन् । तरकारी फलाउनु पर्ने ठाउँमा ईंटाका चिम्नीहरु पुतपुताईरहेका छन् । धान झुल्ने फाँट घडेरी भन्दै चिरा चिरा पारिएका छन् । सडक किनारा, ऐलानी पर्ति, नदी उकास आदि जग्गा कसरी उपयोग गर्ने भन्नेबारे कुनै स्पष्ट नीति र योजना कतै भेटिँदैंन । यी चुनौतिहरुको सामना गर्न सक्षम  स्थानीय तहमै योजना बनाउनु पर्ने अहिलेको आवश्यकता भन्दा भिन्न यी सन्दर्भको समिक्षा बिना हचुवाको भरमा केन्द्रिकृत योजना बनाउने सोच नै यो क्षेत्रको विकाशको लागि बाधक देखिएको छ ।

## बिराएको बाटो

पहाडी भुगोल तथा पर्यावरणीय विशेषता बोकेको पर्वतीय कृषि प्रणालीको मर्मलाई आत्मसाथ गरी यसलाई उन्नत बनाउँदै लैजाने बाटो छोडेर मैदानी कृषि प्रणाली अपनाउन खोज्दा नेपालको कृषिको यो चाल हुन पुगेको हो । मुख्यतः बाहिरी श्रोत र साधनको अधिकतम प्रयोग गर्नाले उत्पादनको तुलनामा लागत बढ्न गई किसानहरु कृषि क्षेत्रबाट पलायन हुँदै गर्दा कृषि क्षेत्र निरन्तर ओरालो लागेको हो । यो कुरालाई नेपालका नीति निर्माताले नजर अन्दाज गरेका छन् । यसमाथि खेतियोग्य जमिनको अतिक्रमण, बिग्रदो माटो, पानीको हाहाकार, प्रदूषण, निरन्तर घट्दो जैविक विविधता र अन्दाज गरे भन्दा धेरै नै विकराल जलवायु परिवर्तनको असरले अन्य क्षेत्रको तुलनामा हाम्रो जस्तो पर्वतीय कृषि निकै जोखिममा परेको छ ।

## अबको बाटो

भू-उपयोगका आधारमा भूमीको वर्गिकरण, भूमी तथा कृषि प्रशासन संरचनाको सुधार, खाद्यमा आत्मनिर्भरता, किसानको पहिचान, वर्गिकरण र सामाजिक सुरक्षा गर्ने सोच बिना नेपाली कृषिको सुधार सम्भव छैन । हाम्रो आफ्नै भौगोलिक, पर्यावरणीय, सामाजिक र सांस्कृतिक विषेशता र मर्मलाई आत्मसाथ गर्ने कृषि प्रणालीको योजना विना नेपालको कृषि बलियो बनाउन सकिँदैन । आफै गरेर खाने किसानलाई आत्म सम्मानका साथ बाँच्न सघाउने र ठूला छिमेकी अर्थतन्त्रसँग असम्भव प्रतिस्पर्धाको पौठेजोरीको हठ त्याग्दै खाद्यका लागि कृषि र तुलनात्मक लाभका कृषि उपजको उत्पादन र प्रवर्द्धन गरेर मात्र हामी सधैका लागि सम्मृद्धिको ढोका खोल्न सक्छौं ।

यसका लागि, कम बाह्य लगानी र स्थानीय श्रोत र साधनको अधिकतम उपयोगमा आधारित हाम्रो परम्परागत सघन तथा एकिकृत कृषिको अभ्यासलाई उन्नत बनाउँदै लैजाने कुराको विकल्प छैन । यसले कृषि क्षेत्रको रुपान्तरणको मार्गचित्र स्पष्ट बनाउदै अगाडि बढ्न सहज बनाउँछ । यसका लागि नपुंसक (फलेको दाना बिउ नबन्ने)  विउमा बन्देज लगाउदै स्थानीय विउ तथा विजनको गुणस्तर बढाउने, गोठ सुधार, जैविक मल र विषादी बनाउने प्रविधि किसान समक्ष पुर्‍याउने र रसायनिक मल तथा विषादी घटाउदै जाने संक्रमणकालिन योजना तत्काल बनाउन आवश्यक छ । मुख्यतः दिगो खेतिपाति तथा वस्तुभाउ व्यवस्थापन प्रविधि, स्वस्थ माटो र चिस्यान व्यावस्थापनका आधारभूत पक्षहरुमा ध्यान दिदै किसानले चाहेमा गर्न सक्छन् भन्ने आत्मविश्वास जगाउन आवश्यक छ ।

नेपाली कृषिलाई व्यावसायिक बनाउने नाममा नाफामात्र कमाउने बहुराष्ट्रिय व्यापारिक कम्पनीहरु उच्च लगानीको विषादि र रसायनमा आधारित कृषिको नीति, योजना र कार्यक्रम बनाउन दवाब दिने गरेका छन् । यस्ता कम्पनीमा लगानी गरेका ठूला व्यापारी र तिनको स्वार्थ पूर्तिमा सघाए वापत आउने भाडा खान पल्केका केही नेता तथा उच्च तहका सरकारी अधिकारीहरु यस्ता योजना बनाउनु पर्ने कुरामा जोड बलले लागेका छन् । यिनीहरु हिजोआज कृषि उत्पादनको क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानी भित्र्याई यस क्षेत्रलाई सधैका लागि पराधिन बनाउने खेलमा समेत लागेका छन् । जसले गर्दा पारिवारीक तथा किसानमा आधारित कृषि प्रणाली अहिले विश्वभरिनै संकटग्रस्त हुन पुगेको छ । नाफामात्र कमाउने निहित स्वार्थले गरिबी, भोकमरी र खाद्य अभावलाई नै किसानलाई कृषि कर्म र खेतियोग्य जमिनबाट विस्थापित गर्न ढालको रुपमा प्रयोग गरिदै आएको छ ।

अहिले पनि विश्वलाई चाहिने  दुई तिहाई भन्दा बढी खानेकुराको उत्पादन साना किसानले नै गर्दछन । नेपालमा यिनै साना किसानलाई केन्द्रमा राखेर मात्र दिगो खाद्य तथा कृषि प्रणालीको विकास गर्न सकिने कुरालाई पुनस्मरण गर्दै, हाम्रो जस्तो बहुसंख्यक किसान समुदाय रहेको मुलुकमा कृषि कर्म प्रवर्द्धन गर्ने सोचबिना अहिलेकै अवस्थामा स्थानीय समुदायको भोक र रोगको समाधान सम्भव छैन । यसका लागि स्थानीय सरकारले  प्रान्तीय तथा संघीय सरकारहरुलाई समेत दबाव दिन सक्नुपर्छ ।

राष्ट्रिय भूमि अधिकार मञ्च, राष्ट्रिय कृषक समूह महासंघका साथ
**खाद्यका लागि कृषि अभियान** र यसका अन्य सदस्यहरु